# सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस २०१६
# घरेलुश्रम : सम्मानित श्रम

नेपालमा लाखौं व्यक्तिहरू घरेलु श्रममा संलग्न छन् । त्यसमा पनि यस प्रकारको श्रममा संलग्न रहेका महिलाहरूको संख्या उल्लेख्यनीय छ । नयाँ संविधानमा विभिन्न तह र तप्काका समुदायको अधिकारको प्रत्याभूत भइरहेको अवस्थामा पनि घरेलुश्रममा संलग्न श्रमिकहरूका लागि विशिष्ट प्रकारको कानून र नीति नियमको अभावमा रहेको छ । परिणाम स्वरूप घरेलुश्रममा संलग्न लाखौं श्रमिकहरू भे दभाव, शोषण र अन्यायको चपेटामा परेका छन् । तसर्थ हामी घरेलु श्रमिक र श्रमिकहरूको अधिकारको प्रवर्धन गर्नका लागि कार्यरत संस्थाहरू निम्न मागहरू गर्दछौं ।

- ✓ घरेलु श्रमसम्बन्धी आइएलओ महासन्धि १८९ तुरून्त अनुमोदन गरी कार्यान्वयन गरियोस् ।
- ✓ श्रमसम्बन्धी कानून निर्माण भइरहेको अवस्थामा घरेलु श्रमसम्बन्धी छुट्टै कानून निर्माण होस् ।
- ✓ घरेलु श्रमिकलाई स्थानीय निकायमा पञ्जीकरण गर्ने व्यवस्था गरियोस् ।
- ✓ काममा लगाउँदा घरेलु श्रमिक र रोजगारदाता बीच लिखित सम्झौताको व्यवस्था गरियोस् ।
- ✓ घरेलुश्रममा संलग्न श्रमिकको न्युनतम पारिश्रमिक तोकियोस् । (काम गरेको समयअनुसार)
- ✓ घरेलु श्रमिकहरूलाई श्रमकानून अनुसार अरू श्रमिक सरह बिदाको व्यवस्था गरियोस् ।
- ✓ सोह्र बर्षभन्दा कम उमेरका बालबालिकाहरूलाई घरेलु श्रममा नलगाइयोस् र लगाउनेमाथि कारबाही गरियोस् ।
- ✓ नेपाली श्रमिकहरू कार्यरत दुतावास नभएका खाडी मुलुकहरूमा दुतावास स्थापनाका साथै सहचरी राख्ने व्यवस्था गरियोस् ।
- ✓ वैदशिक रोजगारमा गएका/जाने महिलाहरूको सुरक्षाका लागि मन्त्रालयमा छुट्टै महिला युनिटको व्यवस्था गरियोस् ।
- ✓ घरेलु श्रमिकलाई सामाजिक सुरक्षाको सञ्जाल भित्र समेटियोस् ।
- ✓ कम्तिमा वर्षको दुईपटक परिवारसँग भेटघाट गर्ने खर्च सहितको व्यवस्था गरियोस् ।
- ✓ अब बन्ने समाजिक सुरक्षा ऐनमा घरेलु श्रमिकका लागि पनि योगदानमा आधारित सहभागिता होस् ।